## प्रेस विज्ञप्ति

मिति २०७६ असार ०४ गते राष्ट्रिय दैनिक पत्रिकामा क्यासिनो, होटेल, रिसोर्ट, अस्पताल, स्कूल, कलेज आदिका लागि टर्म लोन (Term Loan) न्यूनतम दरमा उपलब्ध गराउने भन्दै वेवसाईट, ईमेल तथा मोवाईल नम्बर सहित प्रकाशित विज्ञापनको सन्दर्भमा यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७६. बमोजिम निक्षेप लिन वा कर्जा दिन बैंकको स्वीकृति लिनुपर्ने र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ३१. बमोजिम बैंक वा वित्तीय संस्था बाहेक अन्य कसैले बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न नपाउने कानूनी व्यवस्था भएको हुँदा यस्तो कार्य कसैले नगर्न/नगराउन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । कसैले यस्तो कार्य गरेको/गराएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराईन्छ ।

नेपाल राष्ट्र बैंक
वालुवाटार, काठमाडौं